# तेस्रो नगरसभाका निर्णयहरु

**मिति २०८० साल असार ६ गते वुधवार**
**पहिलो बैठक**

निर्णय,

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १९ वमोजिम आव्हान गरिएको ललितपुर महानगरपालिकाको तेस्रो नगरसभा बैठक आज २०८० असार ६ गते वुधवार दिउँसो ३ वजे नगर प्रमुख श्री चिरीबाबु महर्जनको अध्यक्षतामा ललितपुर महानगरपालिका वडा नं. ५ मानभवन स्थित क्रिष्टल पार्टी प्यालेसमा शुभारम्भ भयो ।

ललितपुर महानगरपालिकाका उप-प्रमुख श्री मन्जली शाक्य वज्राचार्यको स्वागत मन्तव्य पश्चात ललितपुर महानगरपालिकाका प्रमुख एवं नगरसभा अध्यक्ष श्री चिरीवावु महर्जनवाट दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन गर्नु भयो ।

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति एक मिनेट मौनधारण पश्चात सभाका सचिव श्री गणेश अर्याल द्वारा नगरसभा सन्चालन (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा १२ बमोजिम बैठकमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनु भयो ।

सभाध्यक्षले तेस्रो नगरसभाको पहिलो बैठकको कार्यसूचीको प्रस्तुती पश्चात आ.ब.२०८०/८१ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्नु भयो । सभाध्यक्षज्यूको निर्देशन अनुसार प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम मस्यौदा नगरसभा सदस्यहरुलाई वितरण गरियो ।

कार्यसूची बमोजिम नगरसभामा छलफल गर्न अन्य विषय नभएको हुँदा अर्को बैठक २०८० असार ८ गते शुक्रवार विहान ११ वजें वस्ने गरी सभाध्यक्षवाट वैठक स्थगित भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

**मिति २०८० साल असार ८ गते शुक्रवार**
**दोस्रो बैठक**

निर्णय नं. १,

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्ने प्रस्ताव पारित भयो ।

निर्णय नं. २,

नगरसभाको दोस्रो बैठकमा सभाध्यक्ष एवं नगरप्रमुख श्री चिरीवावु महर्जनवाट कार्यसूची बमोजिम २०८० आषाढ ६ गतेको पहिलो बैठकमा पेश भएको नीति तथा कार्यक्रम उपर छलफलका लागि सहभागि हुन आव्हान भई नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ भयो । छलफलका क्रममा ३१ जना नगरसभा सदस्यहरुले नीति तथा कार्यक्रका विषयमा आफ्नो मन्तव्य राख्नु भयो । नगरसभा सदस्यहरुले नीति तथा कार्यक्रमका विषयमा सुझाव राख्नुभए पश्चात प्राप्त सुझावहरु समेत औचित्य अनुसार समावेस गरी आगामी आ.ब.२०८०/८१ को लागि नीति तथा कार्यक्रम पारित गर्ने प्रस्ताव पारित भयो ।

निर्णय नं.३,

सभाध्यक्षवाट नगरसभाको अर्को बैठक २०८० आषाढ १० गते दिउँसो २.०० वजे वस्ने गरी आजको बैठक स्थगीत भएको घोषणा गर्नुभयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

## मिति २०८० साल असार १० गते आइतवार
## तेस्रो बैठक

निर्णय नं.१,

नगरसभाको तेस्रो बैठकमा सभाध्यक्ष एवं नगरप्रमुख श्री चिरीवावु महर्जनवाट कार्यसूची बमोजिम बैठक प्रारम्भ गर्नु भयो । सभाध्यक्षको अनुमतिमा उपप्रमुख श्री मञ्जली शाक्य बज्राचार्यले आगामी आ.ब. २०८०/८१ का लागि रु.६ अर्ब ५० करोड ५ लाख ८८ हजारको अनुमानित आय/व्यय सहितको वार्षिक वजेट नगर सभा वैठकमा प्रस्तुत गर्नु भयो । सभामा प्रस्तुत भएको आय व्यय सहितको वार्षिक वजेट र आगामी आ.व.का लागि प्रस्तावित अर्थ विधेयक, २०८० सभासदहरुलाई वितरण समेत भयो ।

निर्णय नं.२,

आजको कार्यसूची बमोजिम छलफलका अन्य विषय नभएकोले सभाध्यक्षवाट २०८० आषाढ १९ गते मंगलवार विहान ११.०० वजे सम्मको लागि वैठक स्थगीत भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

**मिति २०८० साल असार १९ गते मंगलवार तेस्रो बैठक**
**चौथो बैठक**

निर्णय नं.१,

नगरसभाको चौथो बैठकमा सभाध्यक्ष एवं नगरप्रमुख श्री चिरीवाबु महर्जनवाट कार्यसूची बमोजिम बैठक प्रारम्भ भएको घोषणा गर्नु भयो । सभाध्यक्षवाट चालु आर्थिक वर्ष २०७९/८० को २०८० जेष्ठ मसान्त सम्मको प्रगति विवरण सहितको समिक्षात्मक प्रस्तुतिका लागि विषयगत समितिका संयोजकहरुलाई क्रमश समय उपलब्ध गराउनु भए पश्चात कार्यपालिकावाट गठित सात वटा समितिका संयोजकहरुवाट सभामा बार्षिक प्रगति प्रस्तुत भई छलफल भयो ।

निर्णय नं.२,

सभाध्यक्षवाट नगरसभावाट गठित समितिहरु (न्यायिक समिति, लेखा समिति, विधायन समिति र सुशासन समिति) को तर्फवाट प्रतिवेदन पेश गर्न क्रमश समय उपलब्ध गराउनु भयो । सो पश्चात समितिहरुको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई छलफल भयो ।

निर्णय नं.३,

सभाध्यक्षवाट कार्यसूची बमोजिमको छलफल समाप्त भएको हुँदा आगामी नगरसभा वैठक २०८० आषाढ २१ गते दिउंसो २ वजे वस्ने गरी आजको वैठक समाप्त भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

**मिति २०८० साल असार २४ गते आइतवार**
**पाँचौं बैठक**

निर्णय नं.१,

नगरसभाको पाँचौं बैठकमा सभाध्यक्ष एवं नगरप्रमुख श्री चिरीवावु महर्जनवाट कार्यसूची बमोजिम बैठक प्रारम्भ गर्नु भयो । सभाध्यक्षवाट आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक वजेट तथा कार्यक्रमहरु सहितको योजना पुस्तिका र रु.६ अर्व ५० करोड ५ लाख ८८ हजार वरावरको विनियोजन विधेयक, २०८० नगरसभा सदस्यहरुलाई अध्ययनार्थ वितरण गर्ने निर्देशन वमोजिम सभासदहरुलाई वितरण भयो ।

निर्णय नं.२,

सभाध्यक्षवाट कार्यसूची बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ को लागि उठाउने कर, दस्तुर, शुल्कका दररेट सहितको आर्थिक विधेयक, २०८० माथि छलफलका लागि प्रस्ताव टेवुल गर्नु भयो । छलफल पश्चात सभाध्यक्षवाट अर्थ विधेयक, २०८० पारीत गरियोस् भनि प्रस्ताव टेवल गर्नु भएकोमा नगरसभा सदस्यहरुले समर्थन गर्नु भए पश्चात अर्थ विधेयक, २०८० पारीत भएको सभाध्यक्षले घोषणा गर्नु भयो ।

निर्णय नं.३,

सभाध्यक्षवाट आजको वैठकको कार्यसूची समाप्त भएको हुँदा आगामी नगर सभा वैठक २०८० आषाढ २६ गते मंगलवार विहान ११.०० वजे वस्ने गरी आजको वैठक समाप्त भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

## मिति २०८० साल असार २६ गते मंगलवार
## छैठौं बैठक

निर्णय नं. १,

आज बसेको नगरसभाको छैठौं बैठकमा सभाध्यक्षवाट कार्यसूचीमा रहेको आगामी आर्थिक वर्ष २०८०/०८१ को वजेट तथा कार्यक्रम माथि छलफलका लागि टेवल गर्नु भयो । छलफल पश्चात पेश भएको वजेट तथा कार्यक्रम पारित गरियोस् भनि सभाध्यक्षले राख्नु भएको प्रस्तावमा सदस्यहरुको समर्थन पश्चात सभाध्यक्षले आ.ब.२०८०/०८१ को वजेट तथा कार्यक्रम पारित भएको घोषणा गर्नु भयो ।

**निर्णय नं. २,**

आ.ब. २०८०/८१ को लागि नगरकार्यपालिका वैठकवाट स्वीकृत भई नगरसभामा प्रस्तुत भएको विनियोजन विधेयक, २०८० माथि छलफल गर्न सभाध्यक्षज्यूले टेवल गर्नु भयो । छलफल पश्चात ललितपुर महानगरपालिकाको विनियोजन विधेयक, २०८० पारित गरियोस भनि सभाध्यक्षज्यूवाट राख्नु भएको प्रस्तावमा सभासदहरुले समर्थन जनाउनु भएको हुँदा सभाध्यक्षवाट देहाय बमोजिमको विनियोजन विधेयक, २०८० पारित भएको घोषणा गर्नु भयो ।

**निर्णय नं. ३,**

आर्थिक वर्ष २०८०/०८१ को लागि नगरकार्यपालिका वैठकवाट स्वीकृत भई नगरसभामा प्रस्तुत भएको विनियोजनं विधेयक, २०८० माथि छलफल गर्न सभाध्यक्षज्यूले टेवल गर्नु भयो । छलफल पश्चात ललितपुर महानगरपालिकाको विनियोजन विधेयक, २०८० पारित गरियोस भनि सभाध्यक्षज्यूवाट राख्नु भएको प्रस्तावमा सभासदहरुले समर्थन जनाउनु भएको हुँदा सभाध्यक्षज्यूवाट देहाय बमोजिमको विनियोजन विधेयक, २०८० पारित भएको घोषणा गर्नु भयो ।

**निर्णय नं.४,**

महालेखा परीक्षक कार्यालयवाट आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखा परीक्षण हुंदा कायम गरेको विभिन्न बेरुजुहरु मध्ये कार्यालयले खर्च गर्दा सरकारलाइ कुनै हानी नोक्सानी तथा हिनमिना नभएको तोकिएको कार्य सम्पन्न भएको तर स्थानीय तहमा ऐन नियम मार्ग दर्शन तथा खर्चको मापदण्ड समय मै बन्न नसकेको कारण अनियमित भनी कायम रहन गएको तपसिल बमोजिमको वेरुजु रकम रु १,९२,९४,७५९। रु एक करोड बयाननव्वे लाख चौराननव्वे हजार सात सय उनानसाठी नियमित गरियोस भनी सभाध्यक्षले प्रस्ताव टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव नगरसभासदहरुले समर्थन गर्नु भएपश्चात सभाध्यक्षले तपसिल बमोजिमको वेरुजु नियमित गर्ने प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

| सि न | विवरण | दफा | रकम |
|---|---|---|---|
| १ | भ्रमण पदाधिकारीहरु तथा कर्मचारीहरुलाइ विभिन्न होटल तथा आवासिय तालिम संचालन तथा सिमित व्यक्ति भ्रमणमा गइ ट्राभल एजेन्सीकव बिलको आधारमा रकम भुक्तानी गरेकोमा कार्यक्रम स्वीकृत वेगर खर्च लेखेको | ४४ | ३३७०४०० |
| २ | महिला समूहको नाममा वजेट विनियोजन गरी विभिन्न शिपमुलक तालिम संचालन गर्दा कार्यक्रम संचालन पूर्व कार्यक्रमको लागत अनुमान तयार एवं स्वीकृत नगरी ख्रर्च गरेको | ४५ | २८००००० |
| ३ | विभिन्न क्षमता अभिबृद्धि कार्यक्रमको लागि विभिन्न समूह बनाइ विभिन्न स्थानमा भ्रमणको सेवा प्रदायकको विजकका आधारमा भुक्तानी गरेकोमा लाभ लागतको बिश्लेषण नगरी खर्च लेखेको | ७५ | ८९९२७८१ |
| ४ | जुन कामको लागि वजेट विनियोजन भएको हो सोहि कार्यमा रकम खर्च गर्नु पर्नेमा विपद व्यवस्थापनको वजेटवाट भारत भ्रमणको खर्च लेखेको | १०८ | १७१६३१३।२७ |
| ५ | २० लाख भन्दा बढिको फर्निचर सामान वोलपत्रको माध्यामवाट खरिद गर्नु पर्नेमा सिधै खरिद गरी खर्च | १२४ | २४१५२६५ |
| | जम्मा | | १९२९४७५९ |

**निर्णय नं.५ ,**

चालु आर्थिक बर्ष २०७९/०८० को स्विकृत बार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेट रकम न्यून भएको हुँदा निम्न शिर्षकहरुमा बचत हुने रकम आर्थिक कार्यविधी तथा बित्तीय उतरदायीत्व ऐन, २०७६ को दफा २० मा व्यवस्था भए वमोजिम निम्नानुसारको चालु खर्च तथा पूँजिगत खर्च शिर्षकमा रकमान्तर तथा श्रोतान्तर हुन भनि कार्यपालिका वैठकवाट सिफारिस भई आएका तपसिलका बजेट शिर्षकमा विनियोजित बजेट भन्दा बढी खर्च भएको तथा कतिपय बजेट शिर्षकमा नपूग हुन जाने देखिंदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै एक खर्च शिर्षकबाट अर्को खर्च शिर्षकमा रकमान्तर गर्न सक्ने प्रावधान रहेकोमा तपसिलमा उल्लेख भएको शिर्षकहरुमा रकमान्तर गर्नु पर्ने देखिएको हुँदा रु.२,१८,००,०००। रकमान्तर तथा श्रोतान्तरका लागि सभाध्यक्षले सभामा प्रस्ताव टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुले समर्थन गर्नुभएपश्चात देहाय बमोजिमको रकमान्तर तथा श्रोतान्तर प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

| आ.व. २०७९/८० को **ललितपुर महानगरपालिकाको चालु बजेट कार्यक्रम संशोधन तथा रकमान्तर** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| घटाउने | | | | | | | | | |
| सि नं | बजेट उपशिर्षक | कार्यक्रम/ आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेटको स्रोत | प्रासिको स्रोत | भुक्तानि विधि | रकम | कैफियत |
| 1 | 80334201101 | १० दिने काज सहित भ्रमण खर्च कर्मचारी | 22522 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १५०००००० | |
| 2 | 80334201101 | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | 21213 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ६८००००० | |
| जम्मा | | | | | | | | २१८००००० | |
| बढाउने | | | | | | | | | |
| 1 | 80334201101 | सफाइ गाडी दमकल एम्बुलेन्स शववाहन आदी मर्मत खर्च | 22213 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २५००००० | |
| 2 | 80334201101 | छपाइ खर्च | 22315 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ३५००००० | |
| 3 | 80334201101 | कार्यालय सामाग्री | 22311 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ९८००००० | |
| 4 | 80334201101 | सभा संचालन खर्च | 22721 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५५००००० | |
| 5 | 80334201101 | अन्य भत्ता | 21139 | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५००००० | |
| जम्मा | | | | | | | | २१८००००० | |

**निर्णय नं. ६,**

नेपाल सरकारले २०७२ सालको भूकम्प पछी राष्ट्रिय पून:निर्माण प्राधिकरण गठन गरी राष्ट्रिय पून:निर्माण प्राधिकरणवाट सम्पदा क्षेत्रका सम्पदाहरुको रु.दश करोड सम्म लागत अनुमान भएका योजनाहरु स्थानीय उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत पून:निर्माण गर्न सक्ने व्यवस्था गरेकोमा राष्ट्रिय पून:निर्माण प्राधिकरण नेपाल सरकारको निर्णयानुसार खारेज गरे पश्चात सो सम्वन्धि व्यवस्था पनि खारेज भएको ।
सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ९७ वमोजिम रु एक करोड सम्म लागत अनुमान भएको योजनाहरु स्थानीय उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सक्ने छ भन्ने व्यवस्था रहेको सन्दर्भमा स्थानीय सम्पदाहरुको पून:निर्माण गर्ने सम्पदा सम्वन्धि दक्ष कालीगढ,



ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

निर्माणकर्मीहरुवाट पून:निर्माण गराउँदा सम्पदाहरुको मौलिकतालाई जिवन्त राख्न सकिने र समयमानै पून:निर्माण गर्न सकीने भएको हुँदा रु.दश करोड सम्म लागत अनुमान भएका सम्पदा क्षेत्रका सम्पदाहरुको पून:निर्माण स्थानीय उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सक्ने कानूनी व्यवस्था मिलाउन नेपाल सरकार मन्त्रीपरिषदमा अनुरोध गर्ने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

## निर्णय नं. ७,

ललितपुर महानगरपालिका क्षेत्र भित्र वुङ्गमती खोकना भैसेपाटी हुँदै सञ्चालन हुने निर्माण सामग्री ढुवानी गर्ने मालवाहक सवारी साधनहरुवाट हुने ध्वनी प्रदुषण, सवारी चाप तथा स्थानीय वालवाविका तथा जेष्ठ नागरिकको लागि सडकमा असुरक्षाका कारण स्थानीय वासीको गुनासोलाई मध्येनजर गरी उक्त रुट हुंदै चल्ने मालवाहक सवारी साधनहरु वागमती कोरीडोरवाट आवतजावत गर्ने गराउने प्रयोजनका लागि वागमती कोरीडोर र नख्खु कोरीडोरको सिमाकंन सहित स्तरोन्नती गरिदिनका लागि नेपाल सरकार मन्त्रीपरिषदमा अनुरोध गर्ने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

## निर्णय नं. ८,

ललितपुर महानगरपालिका क्षेत्र भित्र पर्ने ग्वार्कोमा निर्माणाधिन अवस्थामा रहेको Flyover Bridge निर्माण गर्न करिव २४ महिना लाग्ने भएको हुँदा सो क्षेत्रको सवारी अवागमनमा अस्तव्यस्त देखिएको र नेपाल सरकारवाट यस महानगरपालिका क्षेत्र भित्र थप दुई स्थानमा पनि सोहि प्रकृतिका आयोजनाहरु अगाडी वढाउने भन्ने निर्णय भएकोले सो आयोजनाहरु निर्माण गर्दा थप २४, २४ महिना चक्रपथ लगायतका सडकहरुमा सवारीसाधनहरु अव्यवस्थित हुन जाने देखिएकोले वाँकी दुईवटा स्थान सातदोवाटोमा Flyover Bridge र नख्खु एकान्तकुनामा Under Pass Bridge निर्माण कार्य एकै वर्ष र एकै कार्यतालिकामा सन्चालन गर्न नेपाल सरकार मन्त्रीपरिषदमा अनुरोध गर्ने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

## निर्णय नं. ९,

ललितपुर महानगरपालिका लगनखेल स्थित मोडेल हाउसको वोलपत्र दाता महालक्ष्मी नगरपालिका सिद्धीपुर, ललितपुर वस्ने श्री उमेश महर्जनले भाडामा लाग्ने जरिवाना छुट गरी धरौटी मिलान गरी वाँकी भाडा वुझाई पाउँ भनि निवेदन दिए मुतावीक राजश्व परामर्श समितिको मिति २०७९/११/२ को सिफारीस अनुसार हाल सम्म वुझाउनु पर्ने भाडा वापतको रकम रु २,७३,०२,६८५.६४ र जरिवाना रु २७,३०,२६८.५६ गरी जम्मा रु ३,००,३२,९५४.२० मध्ये हाल सम्म वुझाएको रु.८५,००,०००/- कट्टागरी वाँकी वक्यौता रकम रु २,१५,३२,९५४.२० भएकोमा बोलपत्र पेश गर्दा जम्मा गरेको ५% धरौटी र संझौता गर्दा जम्मा गरेको दुई महिना भाडा वरावरको धरौटी रु १७,०४,६१०/- वरावरको रकम मिलान गरी बुझाउन वाँकी रकम रु १,९८,२८,३४४/- सवै रकम भुक्तानी गरेमा जरिवाना वापतको रकम रु २७,३०,२६८.५६ मिनाह गर्न कार्यपालिकावाट सिफारीस भएको साथै वक्यौता रकम समेत लाई हेर्दा महानगरपालिकाले किस्तावन्दिको सुविधा उपलव्ध गराउन वान्छनीय भएकोले यसै आर्थिक वर्ष भित्र भुक्तानी गर्ने गरी कार्यपालिकावाट सिफारीस भए अनुसार वैठकमा पेश गरी चालु आर्थिक वर्ष भित्र वुझाउनु पर्ने रकम वुझाएमा जरिवाना

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

वापतको रकम छुट गर्ने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

निर्णय नं. १०,

ललितपुर महानगरपालिकाको स्वामित्वमा रहेका लगनखेल वडा नं. ५ र १५, वडा नं. ३ पुल्चोक, वडा नं. १३ महेन्द्र युवालय, वडा नं. १२ लगनखेलमा रहेका पसल कवलहरु (प्योकज नं. १ देखि प्याकेज नं. ५) र वडा नं. १६ धपागालमा अवस्थित पसल कवलहरुमा विभिन्न व्यवसाय सञ्चालन गरि रहेकोमा व्यवसायीहरुले संझौता वमोजिम बुझाउनु पर्ने भाडा कोभिडका कारणले गर्दा व्यापार व्यवसाय हुन नसकेको हुँदा २०७७ भाद्र, २०७८ जेष्ठ, २०७८ आषाढ ३ महिनाको भाडा वापतको बक्यौता रकम र सो मा लाग्ने जरिवाना वापतको रकम छुटका लागि नगरकार्यपालिका वैठकमा पेश भई महानगरपालिकामा बुझाउन वाँकी भाडा वापतको रकम आ.ब.२०८०/०८१ को पौष मसान्त भित्र वुझाएमा सो मा लाग्ने जरिवाना वापतको रकम मिनाह गर्न कार्यपालिकावाट सिफारीस भई आएको हुँदा आगामी आ. व.२०८०/०८१ को पौष मसान्त भित्र वुझाएमा वुझाउन वाँकी बक्यौतामा लाग्ने जरिवाना वापतको रकम छुट गर्ने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

निर्णय नं. ११,

यस ललितपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई नगर सभाको तयारीका लागि कार्यालय समयका अतिरिक्त बिहान, वेलुकी र सार्वजनिक बिदाका दिनमा समेत काम काजमा खटाइएको हुँदा विधिवत रुपमा स्थानीय तहको योजना तर्जुमाको कार्य प्रकृया प्रारम्भ हुने समय (फाल्गुण महिना)मा महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको आधा महिना वरावरको रकम प्रोत्साहन स्वरुप महानगरपालिकाको आन्तरिक श्रोतवाट उपलव्ध गराउने प्रस्ताव सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

निर्णय नं. १२,

ललितपुर महानगरपालिकामा गठित विभिन्न समिति तथा नगरकार्यपालिका बैठकवाट चालु आ.ब.मा भएगरेका निर्णयहरु अनुमोदनका लागि सभाध्यक्षले सभामा टेवल गर्नु भयो । टेवल भएको प्रस्ताव सभासदहरुवाट समर्थन भएपश्चात सभाध्यक्षले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

निर्णय नं. १३,

नगर सभा बैठक सम्पन्न भएकोमा नगरसभा सदस्यहरु श्री रन्जु तोलाङी वडा नं. ३, श्री हेलेनशोभा महर्जन वडा नं. २१, श्री उद्धव वस्नेत वडा नं. २४ र श्री शैलेन्द्र शाक्य वडा नं २० ले समापन मन्तव्य राख्नु भयो । उपप्रमुखवाट नगरसभामा सभासदहरुवाट सभा सन्चालनमा प्राप्त सहयोग प्रति धन्यवाद सहितको मन्तव्य व्यक्त गर्नु भयो ।

सभाध्यक्षवाट नगर सभा वैठक सफल पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संपूर्ण नगरसभा सदस्यहरु, महानगरपालिकाका कर्मचारीहरु, सुरक्षा कर्मीहरु, पत्रकारहरु तथा अन्य सरोकारवालाहरुमा धन्यवाद व्यक्त गर्दै सभाध्यक्षवाट आगामि आर्थिक वर्ष २०८०/०८१ लाई कानून निर्माण वर्षको रुपमा मनाउने, वार्षिक नगर विकास योजना पुस्तिका तोकिएको समयमा प्रकाशन गरी पारीत भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता सहित तेस्रो नगरसभा समापन भएको घोषणा गर्नु भयो ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर